# श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग,

## जंगी अड्डा

## लेखा उप सेनानी, प्राड उप सेनानी, पाईलट उप सेनानी र बिभिन्न ट्रेडका प्राविधिक अधिकृत पदहरुको लागि दरखास्त आव्हान

## (प्रथम पटक प्रकाशित मिति २०७८/१२/१४ गते)

१. नेपाली सेनामा रिक्त रहेका लेखा उप सेनानी, प्राड उप सेनानी, पाईलट उप सेनानी र बिभिन्न ट्रेडका प्राविधिक अधिकृत पदहरु खुला तथा समावेशी प्रतियोगिताबाट पदपूर्ति गर्नको लागि दरखास्त आव्हान गरिएको छ । देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले नेपाली सेनाको आधिकारिक वेब साईट www.nepalarmy.mil.np भित्र JOIN THE ARMY को Recruitment and Selection बाट online दरखास्त फाराम भरी सो को प्रिन्ट आउट सहित स्वयम् उपस्थित भई रु.१०।- को टिकट टांसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. आवश्यक संख्याः

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | खुला तर्फ | | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तती | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १ | ०७८/७९/४८ | लेखा उ.से. | विविध | लेखा | - | २१ | १ | ४ | ५ | ५ | ३ | १ | ४० |
| २ | ०७८/७९/४९ | प्राड उ.से. | प्राड | प्राड | - | १ | ० | १ | ० | १ | १ | ० | ४ |
| ३ | ०७८/७९/५० | पाईलट उ.से. | हवाई | पाईलट | - | ३ | ० | ० | ० | ० | १ | ० | ४ |
| ४ | ०७८/७९/५१ | प्रा.उ.से.एभियसन बन्दोबस्ती तथा प्रासी | हवाई | अन्य हवाई | एभिएसन बन्दोबस्ती तथा प्रासी | १ | ० | ० | १ | ० | ० | ० | २ |
| ५ | ०७८/७९/५२ | प्रा.उ.से.ग्राउण्ड ह्याण्डलिङ्ग | हवाई | अन्य हवाई | ग्राउण्ड ह्याण्डलिङ्ग | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ६ | ०७८/७९/५३ | प्रा.उ.से. (MBBS डा.) | प्राविधिक | सैनिक स्वास्थ्य | मेडिकल | २७ | १ | ४ | ७ | ६ | ४ | १ | ५० |
| ७ | ०७८/७९/५४ | प्रा.उ.से. (डा. डेण्टल) | प्राविधिक | सैनिक स्वास्थ्य | डेण्टल | २ | ० | १ | १ | १ | ० | ० | ५ |
| ८ | ०७८/७९/५५ | प्रा.उ.से. (सैनिक उपचारिका) | प्राविधिक | सैनिक स्वास्थ्य | नर्सिङ्ग | १० | ० | २ | २ | २ | २ | ० | १८ |
| ९ | ०७८/७९/५६ | प्रा.उ.से. (Pharmacist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | २ | ० | ० | १ | १ | ० | ० | ४ |
| १० | ०७८/७९/५७ | प्रा.उ.से. (Medical Lab Technologist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | १ | ० | ० | ० | २ |
| ११ | ०७८/७९/५८ | प्रा.उ.से. (Physiotherapist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | १ | ० | ० | ० | २ |
| १२ | ०७८/७९/५९ | प्रा.उ.से. (Radiographer) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | १ | ० | ० | ० | २ |

| क्र.सं. | विज्ञापन नं. | पदको नाम | सेवा | समूह | उपसमूह | खुला तर्फ | | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खुला | सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्तती | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | पिछडिएको क्षेत्र | |
| १३ | ०७८/७९/६० | प्रा.उ.से. Dietician (Food and Nutrition Specialist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १४ | ०७८/७९/६१ | प्रा.उ.से. (Audiologist & Speech Language Pathologist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १५ | ०७८/७९/६२ | प्रा.उ.से. (Public Health and Hygiene Officer) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १६ | ०७८/७९/६३ | प्रा.उ.से. (Clinical Psychologist) | प्राविधिक | सैनिक स्वास्थ्य | विविध | १ | ० | ० | ० | ० | ० | ० | १ |
| १७ | ०७८/७९/६४ | प्रा.उ.से. (मेकानिकल इन्जिनियर) | प्राविधिक | सैनिक इन्जिनियर | उत्पादन | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १८ | ०७८/७९/६५ | प्रा.उ.से. (इलेक्ट्रोनिक्स) | प्राविधिक | सैनिक इन्जिनियर | मर्मत तथा संभार | २ | ० | ० | १ | ० | ० | ० | ३ |
| १९ | ०७८/७९/६६ | प्रा.उ.से. (मेकानिकल) | प्राविधिक | सैनिक इन्जिनियर | मर्मत तथा संभार | ३ | ० | ० | १ | १ | ० | ० | ५ |
| २० | ०७८/७९/६७ | प्रा.उ.से. (अटोमोबाईल) | प्राविधिक | सैनिक इन्जिनियर | मर्मत तथा संभार | २ | ० | ० | १ | १ | ० | ० | ४ |
| २१ | ०७८/७९/६८ | प्रा.उ.से. (बायोमेडिकल ईन्जिनियर) | प्राविधिक | सैनिक इन्जिनियर | मर्मत तथा संभार | १ | ० | ० | १ | ० | ० | ० | २ |
| २२ | ०७८/७९/६९ | प्रा.उ.से. (सिभिल ईन्जिनियर) | प्राविधिक | सैनिक इन्जिनियर | सिभिल तथा आर्किटेक्चर | ४ | ० | १ | १ | १ | १ | ० | ८ |
| २३ | ०७८/७९/७० | प्रा.उ.से. (आर्किटेक) | प्राविधिक | सैनिक इन्जिनियर | सिभिल तथा आर्किटेक्चर | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २४ | ०७८/७९/७१ | प्रा.उ.से. सर्भे | प्राविधिक | सैनिक इन्जिनियर | सर्भे | ३ | ० | ० | १ | १ | ० | ० | ५ |
| २५ | ०७८/७९/७२ | प्रा.उ.से. कम्प्युटर | प्राविधिक | सैनिक इन्जिनियर | सूचना प्रविधि | ९ | ० | २ | २ | २ | १ | ० | १६ |
| २६ | ०७८/७९/७३ | प्रा.उ.से. (भेट डा.) | प्राविधिक | प.वि. तथा प.स्वास्थ्य | - | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २७ | ०७८/७९/७४ | प्रा.उ.से. (समाचार सम्पादक/बाचक) | प्राविधिक | अन्य प्राविधिक | जनसम्पर्क तथा मनोबैज्ञानिक | २ | ० | ० | १ | ० | ० | ० | ३ |
| २८ | ०७८/७९/७५ | प्रा.उ.से. (पाईपर) | प्राविधिक | अन्य प्राविधिक | सैनिक व्याण्ड | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २९ | ०७८/७९/७६ | प्रा.उ.से. (लाईब्रेरियन) | प्राविधिक | अन्य प्राविधिक | लाईब्रेरी | ४ | ० | ० | १ | ० | १ | ० | ६ |

३.	**दरखास्त दिने मिति र स्थानः**

(क)	**मितिः** मिति २०७८/१२/१४ गतेदेखि मिति २०७९/०१/१३ गतेसम्म र दोब्बर दस्तुर सहित थप दिन ७ (सात) मिति २०७९/०१/१४ गतेदेखि ऐ.२० गतेसम्म कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ ।

(ख)	**स्थानः** नारायणहिटी स्थित श्री नेपाल क्याभलरी उत्तर तर्फको खेल मैदानमा दरखास्त फाराम पेश गर्नुपर्ने छ ।

४.	**दरखास्त दस्तुरः** दरखास्त फाराम बुझाउंदा सबै पदका लागि रु.१,०००।– (एकहजार) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शिर्षक नं.१४२२४) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ । तर सोही विज्ञापनमा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ ।

५.	**आवश्यक योग्यता**

(क) **शैक्षिक योग्यता**

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|
| १ | ०७८/७९/४८ | लेखा उ.से. | वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको । | |
| २ | ०७८/७९/४९ | प्राड उ.से. | कानुनमा स्नातक तह उत्तीर्ण गरी नेपाल कानुन व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको । | |
| ३ | ०७८/७९/५० | पाईलट उ.से. | भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाईजेशन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाईलट लाईसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाईलट लाईसेन्स परीक्षा उत्तीर्ण गरेको । | |
| ४ | ०७८/७९/५१ | प्रा.उ.से.एभियसन बन्दोबस्ती तथा प्राप्ती | स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | |
| ५ | ०७८/७९/५२ | प्रा.उ.से.ग्राउण्ड ह्याण्डलिङ्ग | अटोमोवाईल इन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तीर्ण गरेको । | |
| ६ | ०७८/७९/५३ | प्रा.उ.से. (MBBS डा.) | एस.एल.सी. वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा एम.बि.बि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ७ | ०७८/७९/५४ | प्रा.उ.से. (डा. डेण्टल) | एस.एल.सी.वा सो सरह र बायोलोजीमा दश जोड दुई उत्तीर्ण गरी कम्तीमा बि.डि.एस. उत्तीर्ण गरी एक वर्षे इन्टर्नसिप गरेको र नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | |
| ८ | ०७८/७९/५५ | प्रा.उ.से. (सैनिक उपचारिका) | नर्सिङ्ग विषयमा कम्तीमा स्नातक (बि.एन. वा ब्याचलर इन नर्सिङ्ग साइन्स वा बि.एस.सि. नर्सिङ्ग) उत्तीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| ९ | ०७८/७९/५६ | प्रा.उ.से. (Pharmacist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १० | ०७८/७९/५७ | प्रा.उ.से. (Medical Lab Technologist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| ११ | ०७८/७९/५८ | प्रा.उ.से. (Physiotherapist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|
| १२ | ०७८/७९/५९ | प्रा.उ.से. (Radiographer) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १३ | ०७८/७९/६० | प्रा.उ.से. {Dietician (Food and Nutrition Specialist)} | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १४ | ०७८/७९/६१ | प्रा.उ.से. (Audiologist & Speech Language Pathologist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १५ | ०७८/७९/६२ | प्रा.उ.से. (Public Health and Hygiene Officer) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १६ | ०७८/७९/६३ | प्रा.उ.से. (Clinical Psychologist) | सम्बन्धित मेडिकल ट्रेडमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | |
| १७ | ०७८/७९/६४ | प्रा.उ.से. (मेकानिकल इन्जिनियर) | मेकानिकल विषयमा स्नातक तह (बि.इ.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १८ | ०७८/७९/६५ | प्रा.उ.से. (इलेक्ट्रोनिक्स) | इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स र इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन मध्ये एक विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| १९ | ०७८/७९/६६ | प्रा.उ.से. (मेकानिकल) | मेकानिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २० | ०७८/७९/६७ | प्रा.उ.से. (अटोमोबाईल) | अटोमोबाइल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २१ | ०७८/७९/६८ | प्रा.उ.से. (बायोमेडिकल ईन्जिनियर) | बायोमेडिकल विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २२ | ०७८/७९/६९ | प्रा.उ.से. (सिभिल ईन्जिनियर) | सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह (बि.इ. वा बि.टेक.) वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २३ | ०७८/७९/७० | प्रा.उ.से. (आर्किटेक) | आर्किटेक्चरल इन्जिनियरिङ्ग (बि.इ. वा बि.टेक.) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २४ | ०७८/७९/७१ | प्रा.उ.से. सर्भे | जियोम्याट्रिक इन्जिनियरिङ्ग वा सर्भे इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २५ | ०७८/७९/७२ | प्रा.उ.से. कम्प्युटर | बि.ई. (आई.टि.), बि.ई.कम्प्युटर, बि.टेक.कम्प्युटर वा सो सरह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । | |
| २६ | ०७८/७९/७३ | प्रा.उ.से. (भेट डा.) | ब्याचलर अफ भेटेरिनरी साइन्स एण्ड एनिमल हस्बेन्ड्री (बि.भि.एस्सी एण्ड ए.एच) वा डाक्टर अफ भेटेरिनरी मेडिसिन उत्तीर्ण गरी नेपाल भेटेरिनरी काउन्सिलमा दर्ता भएको । | |
| २७ | ०७८/७९/७४ | प्रा.उ.से. (समाचार सम्पादक/बाचक) | सम्बन्धित विषयमा स्नातक गरेको । | |
| २८ | ०७८/७९/७५ | प्रा.उ.से. (पाईपर) | पाइपर विषय लिई सङ्गीत (म्युजिक) सङ्कायमा स्नातक तह उत्तीर्ण गरेको । | |
| २९ | ०७८/७९/७६ | प्रा.उ.से. (लाईब्रेरियन) | लाइब्रेरी साइन्समा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल लाइब्रेरी एसोशियसनमा दर्ता भएको । | |

(ख) **शारीरिक योग्यता**

| क्र.सं | पद | पुरुष | महिला | कै |
|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | (क) **उचाईः** न्यूनतम ५ फिट ३ ईन्च<br>(ख) **छातीः** नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च<br>(ग) **वजनः** न्यूनतम ५० के.जी. (११० पौण्ड) | (क) **उचाईः** न्यूनतम ५ फिट<br>(प्रा.उ.से.पाईलट पदको हकमा ५ फिट ३ ईन्च)<br>(ख) **वजनः** न्यूनतम ४० के.जी. (८८ पौण्ड) | आंखा ± २ भन्दा बढी कमजोर नभएको । |

(ग) **अन्य योग्यताः**

(१) बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको ।

(२) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ।

(३) तत्काल कुनै राजनैतिक दलको सदस्य नभएको वा नरहेको ।

(४) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको ।

(५) कुनै विध्वंसात्मक उद्देश्य भएको संघ संस्थाको सदस्य नभएको वा नरहेको ।

(६) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको ।

(७) मानव अधिकार र मानवीय कानूनको उल्लंघन वापत सजाय नपाएको ।

(८) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

(९) अन्य योग्यताको हकमा **"सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४", "सैनिक सेवा नियमावली २०६९"** (संशोधन सहित), **"सैनिक विविध सेवा नियमावली २०७४", "सैनिक प्राड सेवा नियमावली २०७४", "सैनिक हवाई सेवा नियमावली २०७४"** र **"सैनिक प्राविधिक सेवा नियमावली २०७६"** मा उल्लेख भए अनुसार हुनुपर्नेछ ।

६. **उमेरको हदः** दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०१/१३ गतेसम्म उमेर निम्न अनुसार हुनु पर्नेछ ।

| क्र.सं. | पद | पुरुष | महिला | कै |
|---|---|---|---|---|
| १. | सबै पदका उम्मेदवारहरु | १८ वर्ष उमेर पूरा भई २९ वर्ष ननाघेको | १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको | |

७. **सैनिक सेवाका बहालवाला उम्मेदवारः**

(क) लेखा उप सेनानी, प्राड उप सेनानी र पाईलट उप सेनानी पदको लागि योग्यता पुगेका सैनिकले ३५ वर्ष उमेर पूरा नभएसम्म बढीमा ३ पटक आवेदन दिन सक्नेछ । अन्य ट्रेडका प्राविधिक पदहरुको सम्बन्धित ट्रेडको लागि आवश्यक शैक्षिक योग्यता हासिल गरेको हुनु पर्ने, सैन्य आधार तालिम गरेको हुनु पर्ने र उमेरको हद नलाग्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०१/१३ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पुरा भएको हुनु पर्नेछ ।

(ग) युनिटपतिको सिफारिस हुनु पर्नेछ ।

८. **पेश गर्नु पर्ने आवश्यक प्रमाणपत्रहरु** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयमले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्य हुने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालको विश्वविद्यालय वाहेक अन्य देशका बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफूले हासिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण-पत्र समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै उक्त पुस्तिकामा समावेश नभएका शैक्षिक योग्यताहरुमा त्रि.वि.बि.बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(१) आदिवासी / जनजातिका लागि नेपाल आदिवासी / जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी / जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी- १ (एक) प्रति । तर, नेपाल आदिवासी / जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमूखको सिफारिसमा प्रमूख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपी-१ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमूखको सिफारिसमा प्रमूख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(३) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि-१ (एक) प्रति पेश गर्नु पर्नेछ।

(४) पिछडिएको क्षेत्रका लागि मनाङ्ग, मुस्ताङ्ग, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा दरखास्त दिंदाको बखतसम्म सोहि स्थानमा स्थायी बसोवास गरेको सिफारिसको प्रतिलिपि-१ (एक) प्रति । सो सिफारिस पत्र सिफारिस भएको मितिले ३ महिना अवधिको लागि मात्र मान्य हुनेछ ।

(५) समावेशीतर्फ राजपत्रमा सूचिकृत भएका थर तथा समूह प्रष्ट भएमा र सो समूहमा दरखास्त दिन चाहेमा उम्मेदवारले समावेशीतर्फको प्रमाणपत्र पेश गर्न अनिवार्य ठानिने छैन ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरुको हकमा निम्न थप कागजतहरु सम्बन्धित उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछः**

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित साहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने ।

(२) निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(३) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली २०६९"** को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफः** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति ३ (तीन) र २X२ साईजको फोटो प्रति १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१०. **सम्पर्क मिति र स्थानः** मिति २०७९/०१/२५ गतेको १३०० बजे दरखास्त पेश गरेको स्थानमा ।

११. **छनौट प्रक्रियाः** निम्नानुसार परीक्षाहरु संचालन हुनेछ । कुनै एक परीक्षामा अनुत्तीर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने अन्य परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **वियरिङ्ग परीक्षाः** यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (पूरुष उम्मेदवार), उचाई, वजन (महिला उम्मेदवार) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरु निम्नानुसार रहेकोः

(१) **अंगभंग नभएकोः**

(अ) सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(आ) खुंडे भएमा अस्वभाविक दाग/खत र खुंडेको कारण कुरुप हुन नहुने साथै स्पष्ट बोली हुनु पर्ने ।

(इ) शरीरको अवयवहरु टुटफुट भएको वा भांचिएको हुन नहुने ।

(ई) कुटपिट आदिद्धारा ठुलो चोटपटक लागी शरीरको कुनै भाग वा अंगमा खती पुगेको हुन नहुने ।

(उ) अस्वभाविक किसिमको चोट वा खत भएको हुन नहुने । (स्याण्डो र घुंडा भन्दा माथिसम्म आउने कट्टु लगाउंदा छोपिने बाहेक बांकी भागमा अस्वभाविक दाग देखिने हुन नहुने)

(ऊ) सामान्य मानिसमा हुनु पर्ने अंग भन्दा अस्वभाविक देखिने तथा थप अंग (जस्तैः एक हातमा ६ वटा औंला, कानमा मासु पलाएको तीनकाने, अनुहार तथा शरीरमा अस्वभाविक देखिने ग्रहणको टाटो) भएको हुन नहुने ।

(ए) अंगभंगको कारणबाट अस्वभाविक घाउ वा दाग भएको हुन नहुने ।

(ऐ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(२) **कुरूप नदेखिने/शरीरमा अस्वभाविक दागहरु नभएकोः**

(अ) अनुहारमा छालाको सतह भन्दा माथी उठेको कोठी भई हिस्सी वा अनुहार नपरी विरुप देखिने तथा अंगभंग भई कुरुप देखिने हुन नहुने ।

(आ) रोग वा चोट पटकको कारण अनुहारमा अस्वभाविक छ्याका भएको हुन नहुने ।

(३) **हात खुट्टा बाङ्गो टिङ्गो नभएको र औंलाहरू ठिक भएको/Palmer Hydrosis Hyposis:**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो देखिने, अपरेशनको कारणबाट हात खुट्टा टेढो भएको हुन नहुने ।

(आ) हात खुट्टाको औंलाहरु अस्वभाविक रुपमा नजोडिने हुन नहुने ।

Palmer Hydrosis Hyposis थप गरिएको (हत्केलामा पसिना आई पकड क्षमतामा ह्रास आउने हुन नहुने)

(४) **घुंडा नजोडिनेः**

(अ) सतर्क पोजिशनमा उभिंदा घुंडा नजोडिने ।

(आ) Bowlegs: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मी. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **शरीरमा ट्याटू मार्क नबनाएको/भेरिकोच हुन नहुनेः**

(अ) शरीरको कुनै पनि भागमा ट्याटू मार्क हुन नहुने ।

(आ) भेरिकोच भएको हुन नहुने ।

(६) **शरीरमा मुसा नभएकोः**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

(आ) हातखुट्टा, अनुहार तथा शरीरको कुनै पनि भागमा अस्वभाविक मुसा हुन नहुने ।

(७) **धेरै चेप्टो पैताला नभएकोः** Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(८) **दांत नझरेकोः**

(अ) अस्वभाविक रुपमा उपड खापड, दारा आएको तथा दांत बाहिर निस्केको हुन नहुने ।

(आ) अगाडी भागको दांत नझरेको, अगाडीको दांत किरा नलागेको तथा झरेको ठांउमा नक्कली दांत लगाएको हुन नहुने ।

(इ) एउटा बंगारासम्म झरेको लिन सकिने । साथै अन्य दांत किराले खाएको भए दांत भरेको हुन पर्ने ।

(ई) दांत बांधेको अवस्थामा लिन सकिने ।

(उ) भांचिएको दांत आर.सि.टि गरेको हुनुपर्ने ।

(९) **ढाड कुप्रो नभएको, शरीर पुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेकोः**

(अ) ढाड कुप्रो नभएको हुनुपर्ने ।

(आ) शरीर पुरा झुकाउन सक्ने हुनुपर्ने ।

(इ) जिउ कोल्टे नपरेको हुनुपर्ने ।

(१०) **दुवी नभएकोः**

(अ) सर्ने किसिमको दुवी (Vilitigo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवि हुन नहुने ।

(११) **कपाल नझरेको, नफुलेको वा नरंगाएकोः**

(अ) कुनै किसिमको रोग वा चोटपटकको कारण कपाल झरी अस्वभाविक देखिने हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कपाल फुलेको हुन नहुने ।

(इ) कपाल रङ्गाएको हुन नहुने ।

(१२) **आंखा डेढो नभएको, आंखा चिम्लन सक्नेः**

(अ) डेढो आंखा भएको हुन नहुने ।

(आ) दुवै आंखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आंखा र वांया हात चलाउनेको हकमा दांया आंखा चिम्लन सक्ने हुनुपर्ने ।

(ई) कलर भिजन समस्या हुन नहुने ।

(उ) कन्ट्याक लेन्स प्रयोग गरेको हुन नहुने ।

(ऊ) आंखाको भिजन ६/६ हुनुपर्ने ।

(ए) चस्माको प्रयोग गर्नेको हकमा चस्माको पावर ±२.० हुनुपर्ने ।

(ऐ) Refractive Surgery (चस्मा लगाउन नपर्ने अपरेशन) गरेको भए आवेदन दरखास्त दिंदाको बखतसम्म अपरेशन गरेको कम्तीमा १ वर्ष भएको हुनुपर्ने साथै सो संग सम्बन्धित कागजपत्र समेत पेश गर्नु पर्ने ।

(१३) **प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुनेः** कुनै पनि लेख्दा पढ्दा वा लामो समयसम्म कुरा गर्दा नभकभकाउने तथा स्पष्ट उच्चारण/बोली भएको हुनुपर्ने । साथै कासन (कमाण्ड) बोलि उच्चारण गर्दा रोकिएर/अड्कीएर वा शव्द दोहोऱ्याएर उच्चारण गर्ने हुन नहुने ।

(१४) **उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी तौल नभएको (BMI फिट) र शरीर मोटो तर हात खुट्टा झिनो नदेखिनेः**

(अ) अस्वभाविक रुपमा बढी तौल भएको (Obesity) हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कम तौल भएको हुन नहुने ।

(इ) शरीर मोटो तथा हात झिनो नदेखिने हुनुपर्ने ।

(ख) **बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षाः**

| क्र.सं. | पद | शारीरिक योग्यता | | कै |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | सबै पदका उम्मेदवारहरु | (क) सिटअप १० पटक<br>(ख) पुसअप १० पटक<br>(ग) चिनअप २ पटक<br>(घ) ३०० मिटर दौड ६५ सेकेण्डमा पुरा गर्नु पर्नेछ ।<br>(ङ) १ माईल दौड ९ मिनेटमा पुरा गर्नु पर्नेछ । | (क) सिटअप ८ पटक<br>(ख) पुसअप ५ पटक<br>(ग) ३०० मिटर दौड ७५ सेकेण्डमा पुरा गर्नु पर्नेछ ।<br>(घ) १ माईल दौड ११ मिनेटमा पुरा गर्नु पर्नेछ । | |

(घ) **लिखित परीक्षाः** लिखित परीक्षा श्री लोक सेवा आयोगबाट संचालन हुनेछ ।

(ङ) **प्रयोगात्मक परीक्षाः** सम्बन्धित ट्रेड अनुसार ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा संचालन हुनेछ ।

(च) **गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ. र बोर्ड कन्फरेन्स) परीक्षाः** विषेशज्ञ अधिकृतहरुबाट संचालन गरिनेछ ।

(छ) **विस्तृत स्वास्थ्य परीक्षणः** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । नेपाली सेनामा स्वास्थ्योपचार सुविधा पाइरहेका उम्मेदवारहरु बाहेक अन्य उम्मेदवारहरुको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(ज) **अन्तरवार्ताः** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तरवार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरुः** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१३. **अन्य शर्तहरुः**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयं उम्मेदवार हुनेछ ।

(ग) हरेक परीक्षामा सहभागी हुन आउंदा उम्मेदवारहरुले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी र दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(ङ) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुऱ्याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(च) उम्मेदवारहरुले पेश गरेको सम्पूर्ण विवरणहरुको सक्कल प्रति दरखास्त फाराम भर्दा र बोर्ड अन्तरवार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरण झुठा ठहरिएमा प्रचलित कानुन अनुसार कारबाही हुनेछ ।

**द्रष्टव्यः** (क) सम्वन्धित ट्रेडका पाठ्यक्रमहरु नेपाली सेनाको वेबसाईट **www.nepalarmy.mil.np** को **JOIN THE ARMY** भित्र **Recruitment & Selection** को **Syllabus** र **Android Mobile Apps "Nepali Army"** मा पनि हेर्न र डाउनलोड गर्न सकिने छ ।

(ख) थप जानकारी लिनु परेमा कार्यालय समयभित्र श्री भर्ना छनौट निर्देशनालयको सम्पर्क नं.०१-४२४६९५० वा मोवाईल नम्वर ९८६३०३१५६१ मा सम्पर्क राखु हुन समेत सूचित गरिन्छ ।